# पहिचान ई- बुलेटिन

जनवरी- मार्च, २०२५

वर्ष ४ अंक १०





## भित्र

नगरपालिका परियोजना सल्लाहकार वैठक

पहूँचयुक्तताको परिक्षण

लैङ्गिक विश्लेषण

अपाङ्गता सम्बन्धि तथ्यांकहरु

यदि तपाईमाथि हिंसा भइरहेको छ या अरु कोही हिंसाको जोखिममा रहेको थाहा पाउनुभएको छ भने हेल्पलाइनमा फोन गर्नुहोला।

९८०१५७१२२५

"अपाङ्ता भएका महिला तथा बालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सहयोग र सहजीकरण गरौं।"

# समाचार



## नगरपालिका परियोजना सल्लाहकार समिति बैठक

नेपाल अपाङ्ग महिला संघद्वारा मार्च २१, २०२५ मा नगरपालिका परियोजना सल्लाहकार समिति वैठक सम्पन्न गरियो। वैठकमा बुढानिलकण्ठ नगरपालिकाका नगर प्रमुख तथा विभिन्न शाखाका प्रतिनिधिहरु र वडा कार्यालयहरुका अध्यक्ष र सदस्यहरुको सहभागीता थियो। संघले २०२४ मा गएको सम्पूर्ण कार्यक्रमहरुको विस्तृत जानकारी, परियोजनाको अवस्था र मुख्य उपलब्धिहरू, चुनौतीहरू र सिकाईहरु बारे छलफल गरिएको थियो।

## बुढानिलकण्ठमा पहुँचयुक्तताको परिक्षण

बुढानिलकण्ठ नगरपालिकामा अवस्थित १३ वटा सरकारी तथा गैरसरकारी संस्थाहरुको पहुँचयुक्तताको परिक्षण गरियो। उक्त परिक्षणले पालिका विशेष गरी कार्यालय, स्वास्थ्य संस्था, सरकारी वकिलको कार्यालय, आदि संस्थाहरू समेटेको थियो | परिक्षणबाट आएको कुराहरुलाई मध्यनजर गरी वडा न १ का अध्यक्षले संघसँग प्राविधिक सहयोगको लागि अनुरोध गरेका थिए।

३ वटा स्वास्थ्य संस्थाहरू






६ वटा कानुनी निकाय

२ वटा सरकारी कार्यालयहरु





२ वटा आश्रय केन्द्रहरु



# तीन वटा प्रदेशमा लैंगिक विश्लेषण





नेपाल अपाङ्ग महिला संघद्वारा सुदूरपश्चिम, कर्णाली र मधेश प्रदेशमा लैंगिक विश्लेषण सम्पन्न गरियो। उक्त विश्लेषणका लागि १० वटा समूह केन्द्रित छलफल र ७ वटा मुख्य सूचनादाताहरुको अन्तर्वार्ता लिईएको थियो । उक्त विश्लेषणको क्रममा दलित महिला, विद्यालय जाने/नजाने किशोरकिशोरी, कुमाल समुदायका व्यक्तिहरु, सदा समुदायका व्यक्तिहरु, थारु समुदायका व्यक्तिहरु, बादी समुदायका व्यक्तिहरु, लैंगिक हिंसामा परेका महिला तथा किशोरीहरु र लैंगिक अल्पसंख्या समूहका व्यक्तिहरु सहभागी भएका थिए। विश्लेषणको क्रममा सहभागीहरु ले समुदायको स्रोतहरुको नक्सांकन, सामाजिक सुरक्षा कोष, सामाजिक र संस्कृतिक मुल्यमान्यताहरु, सामाजिक संरचना, क्षमता र सामना गर्ने संयन्त्र, नकारात्मक दृष्टिकोणको सामना, सेवा सुबिधा प्रयोग गर्न भौगोलिक कठिनाई, जातीय विभेद, सांकेतिक दोभाषेको अभाव जस्ता समस्याहरु को पहिचान विश्लेषणको क्रममा आएको थियो।

## भनाईहरु

"भिरालो छ , सबै जान सक्ने ठाउँमा सरकारी भवन छैन "

"लैगिंक तथा यौनिक अल्पसंख्यक समुदायले नागरिकता सहज रुपमा पाउन सक्दैनन् ,रोजगारी, शिक्षा, छात्रबृत्ति, स्वास्थ्य उपचार प्राप्त गर्न पनि उनीहरुलाई सहज छैन। सामाजिक दृष्टिकोण र सामाजिक मुल्यमान्यता तथा भौतिक संरचना, दक्ष जनशक्तिको कमि हुनाले पनि उनीहरुको सेवामा पहुँच कम रहेको छ।"

## अपाङ्गता सम्बन्धि तथ्यहरु




५२.५% सहभागी हरु लैंगिकताको आधारमा हुने हिंसा बारे सचेत थिएनन्



७७ % सहभागीहरु लैंगिक हिंसाको बिषयमा पालिका मा भएका नीतिहरु बारे सचेत थिएनन्



३९% सहभागीहरु मनोसामाजिक र भावनात्मक हिंसाबाट पिडित थिए



३१.५% सहभागीहरु लैंगिक हिंसाबाट प्रभावित थिए

स्रोत: परियोजना अन्तर्गत बुढानिलकण्ठ र तारकेश्वर नगरपालिकाहरुमा गरिएको बेसलाइन सर्वे, २०२५

## बालिका तथा समावेशी शिक्षा सञ्जालको पुनर्गठन



नेपाल अपाङ्ग महिला संघद्वारा NCE नेपाल, People in Need र Accountability Lab को सहयोगमा ३ वटा प्रदेशका २० वटा पालिका हरुमा पालिकास्थरको सञ्जालको स्थापना र पुनर्गठन स्थापना गरियो।

## माडी, चितवनमा अपाङ्गता भएको व्यक्तिको पहिलो संस्था स्थापन



नेपाल अपाङ्ग महिला संघ, CBM Global Nepal र सप्रोस नेपालको सहयोगमा फाइदा परियोजनाद्वारा माडी गाउपलिकामा पालिकाकै पहिलो अपाङ्गता भएको व्यक्तिहरुको संस्था स्थापना गरियो । अपाङ्गता समाज माडी चितवन नामक उक्त संस्थाको कार्यपालिकाका सदस्य हरुले अनौपचारिक रुपमा पनि बिगत दुई दशक देखि अपांगता भएका व्यक्तिको अधिकारका लागि काम गर्दै आएको पाईयो। नेपाल अपाङ्ग महिला संघका GEDSI सल्लाहकारले संस्थाको बिधान बनाउन सहजीकरण गरेका थिए । ११ सदस्य कार्यसमिती रहेको उक्त संस्थामा हाल ३२ जना साधारण सदस्यहरु छन् । श्री यम बहादुर अधिकारीले नेतृत्व गर्दै संस्थाले पालिकामा रहेका विभिन्न अपाङ्गता भएका व्यक्तिहरुलाई अवासरमा पहुचको सुनिश्चित गर्ने लक्ष्य बोकेको छ ।

## २२ वटा पलिकहरुमा सम्झौता



सुदूरपश्चिम, कर्णाली र मधेश प्रदेशका २२ पालिकाहरुमा ACCESS परियोजनाको लागि सम्झौता समपन्न भयो । NCE नेपाल, नेपाल अपाङ्ग महिला संघ, People in Need, र Accountability Lab को सहकार्यमा सम्पन्न भएको साझेदारीले उक्त परियोजना अन्तर्गत सबैको लागि समावेशी शिक्षा सुनिश्चित गर्न नागरिक समाजको भूमिका अभिवृद्धि गर्नका लागि पालिकाहरुले मार्ग निर्देशन गर्ने छ ।

## केन्द्रीय कार्यालय

नेपाल अपाङ्ग महिला संघ
कालोपुल, काठमाडौँ, नेपाल

**फोन**
०१-४५३५१३१

**ईमेल**
ndwa.2009@gmail.com,
info@ndwa,org.np

## प्रादेशिक कार्यालय

नेपाल अपाङ्ग महिला संघ
कञ्चनपुर, सुदुरपश्चिम प्रदेश

**फोन**
९८४८७१५५६१

नेपाल अपाङ्ग महिला संघ
मोरङ , कोशी प्रदेश

**फोन**
९८५२०५७०११

यदि तपाईमाथि हिंसा भइरहेको छ या अरु कोही हिंसाको जोखिममा रहेको थाहा पाउनुभएको छ भने हेल्पलाइनमा फोन गर्नुहोला ।

९८०१५७१२२५

"अपाङ्गता भएका महिला तथा बालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सहयोग र सहजीकरण गरौं ।"